नेपाल सरकार
अर्थ मन्त्रालय

# नागरिक बजेट

## आर्थिक वर्ष २०८३/८४




हाम्रो कर, हाम्रै बजेट, हाम्रो भविष्य

# नागरिक बजेट

आर्थिक वर्ष २०८३/८४

नेपाल सरकार

**अर्थ मन्त्रालय**

२०८३, असोज

www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल

## मन्तव्य

नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रमलाई सरल रूपमा आम नागरिकसमक्ष पुऱ्याउने उद्देश्यले यो नागरिक बजेट पुस्तिका तयार भएको छ। राज्यको स्रोतसाधनको विनियोजन र खर्च प्रक्रियामा पारदर्शिता, सुशासन र जवाफदेहिता सुनिश्चित गर्नु सरकारको दायित्व हो। त्यसैले, बजेटका प्राथमिकता, करका प्रावधान र विकासका लक्ष्यहरूलाई सर्वसाधारणले सहजै बुझ्ने भाषामा यस पुस्तिकामा समेटिएको छ। रोजगारी सिर्जना, पूर्वाधार विकास र समतामूलक आर्थिक रूपान्तरणलाई केन्द्रमा राखी उत्पादनशील र प्रविधिमैत्री अर्थतन्त्रको राष्ट्रिय आकांक्षा पूरा गर्ने दिशामा यो बजेट महत्त्वपूर्ण कोसेढुङ्गा साबित हुनेछ भन्ने मेरो विश्वास छ।

डा. स्वर्णिम वाग्ले
अर्थमन्त्री

टेलिफोन नं: +९७७-१-४२११८०९ ; इमेल: swarnim.wagle@mof.gov.np ; वेबसाईट: www.mof.gov.np

# विषय सूची


| | | |
|---|---|---|
| मन्तव्य | | १ |
| १ | परिचय तथा उद्देश्य | ५ |
| २ | आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा अर्थतन्त्रको अवस्था | ८ |
| ३ | यस बजेटका मुख्य लक्ष्य तथा विशेषता के के हुन् ? | ९ |
| ४ | यो वर्ष सरकारले कति रकमको बजेट ल्याएको छ ? | १० |
| ५ | वित्तीय सङ्घीयता | १३ |
| ६ | बजेट कुन कुन काममा खर्च हुन्छ ? | १६ |
| ७ | बजेटका प्राथमिकता र प्रमुख क्षेत्रगत कार्यक्रम के के हुन् ? | २१ |
| ८ | यो बजेटबाट कसले के पाउँछ ? | ३४ |
| ९ | बजेटमा योजना समावेश गराउने प्रक्रिया के हुन्छ ? | ३७ |
| १० | नागरिक बजेटमा प्रयोग भएका प्राविधिक शब्दको अर्थ सरल रुपमा कसरी बुझ्ने ? | ३९ |
| ११ | बजेटबारे थप जानकारीका लागि कहाँ सम्पर्क गर्ने ? | ४० |
| १२ | यो नागरिक बजेट तपाईंलाई कस्तो लाग्यो ? | ४१ |
| १३ | बजेटसम्बन्धी थप जानकारीका लागि के के सूचनाहरू इन्टरनेटमा छन् ? | ४२ |

# १ परिचय तथा उद्देश्य

## नागरिक बजेट भनेको के हो ?

नागरिक बजेट भन्नाले सरकारले तयार गरेको मूल बजेटलाई आम नागरिकले सजिलै बुझ्न सक्ने, सरल र स्पष्ट भाषामा प्रस्तुत गरिएको विवरणलाई बुझिन्छ । यसमा सरकारले कहाँबाट राजस्व प्राप्त गर्छ, कुन क्षेत्रमा कति खर्च गर्छ, बजेटबाट नागरिकले के कस्ता लाभ प्राप्त गर्छन् र बजेट निर्माण र कार्यान्वयनमा नागरिकले कसरी सहभागिता जनाउन सक्छन् भन्ने जानकारी समावेश हुन्छ ।

नागरिक बजेटले मुख्यतः तीन प्रश्नको जवाफ दिन्छ :

१ **सरकारसँग कति स्रोत छ ?**

२ **कहाँ खर्च हुन्छ ?**

३ **नागरिकले के पाउँछन् ?**

## सरकारले नागरिक बजेट किन प्रकाशित गरेको हो ?

- सरकारको वार्षिक बजेटको जानकारी **नागरिकले बुझ्ने भाषामा** उपलब्ध गराउन,
- बजेट प्रक्रियामा नागरिकको **सहभागिता र स्वामित्व** बढाउन,
- सरकारका **प्राथमिकता तथा विकास योजनाबारे** आम नागरिकलाई जानकारी गराउन,
- सरकारलाई नागरिकप्रति **जवाफदेही** बनाउन र सार्वजनिक वित्त व्यवस्थापनमा **पारदर्शिता** कायम गर्न,
- सार्वजनिक खर्चको **निगरानी गर्न** नागरिकलाई सक्षम बनाउन ।

## नेपालको वार्षिक बजेट तर्जुमा कसरी गरिन्छ ?

बजेट एकै दिनमा बन्दैन । नागरिकका आवश्यकता पहिचान गर्ने देखि संसदबाट स्वीकृत गराउने, खर्च गर्ने र त्यसको अनुगमन तथा मूल्याङ्कन गर्ने सम्मका बजेट चक्रका विभिन्न चरणको काम वर्षभरि नै भइराखेको हुन्छ ।



यहाँ बजेट तर्जुमाको कामलाई केन्द्रित गरी कुन चरणमा के काम हुन्छ, कसले गर्छ र कहिले गर्छ भन्ने कुरा देखाइएको छ ।

## बजेट तर्जुमा प्रक्रिया

| के गर्ने | कसले गर्ने | कहिले गर्ने |
|---|---|---|
| **१. आवश्यकता र योजना पहिचान**<br>मुलुक र नागरिकका आवश्यकता अनुसार नयाँ योजना तथा कार्यक्रम पहिचान गर्ने । | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय तथा सम्बन्धित निकाय | साउन–पौष |
| **२. स्रोत अनुमान**<br>आगामी आर्थिक वर्ष कति रकम उपलब्ध हुन्छ र कति खर्च गर्न सकिन्छ भन्ने अनुमान गर्ने र यस वर्षका समेत गरेर ३ वर्षका लागि सरकारले कति पैसा उठाउने र कति खर्च गर्ने बारे मध्यमकालीन खर्च संरचना बनाउने । | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंक | पौष–माघ |
| **३. बजेट सीमा निर्धारण र वितरण**<br>प्रत्येक मन्त्रालय/निकायले कति बजेट पाउन सक्छ भन्ने सीमा तोक्ने र वितरण गर्ने । | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय | माघ–फागुन |
| **४. आयोजना/कार्यक्रम तथा बजेट प्रस्ताव**<br>तोकिएको सीमा र मार्गदर्शन भित्र प्राथमिकताका योजना तथा कार्यक्रम र आवश्यक बजेट प्रस्ताव गर्ने, आयोजना बैंकमा प्रविष्ट गर्ने । | मन्त्रालय/विभाग/ कार्यालय | फागुन |
| **५. बजेट छलफल र छनोट**<br>संसदमा नीति तथा कार्यक्रम पेश, प्रस्तावित योजना तथा कार्यक्रमको आवश्यकता, प्राथमिकता र स्रोत हेरी छनोट तथा बजेटको अङ्क तय गर्ने । | राष्ट्रपति, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय | चैत–वैशाख |
| **६. बजेटको अन्तिम तयारी**<br>संसदमा बजेटका सिद्धान्त र प्राथमिकता पेश, राजस्व, खर्च, विकास कार्यक्रम तथा बजेट वक्तव्यलाई अन्तिम रूप दिने । | अर्थ मन्त्रालय | वैशाख–जेठ |
| **७. संसदमा बजेट पेश**<br>आगामी आर्थिक वर्षको आय-व्ययको अनुमान संसदमा प्रस्तुत गर्ने । | अर्थमन्त्री/नेपाल सरकार | जेठ १५ |
| **८. संसदमा छलफल, स्वीकृति र प्रमाणीकरण**<br>बजेटमाथि छलफल गरी विनियोजन लगायतका विधेयक पारित गर्ने, प्रमाणीकरण गर्ने । | सङ्घीय संसद्, राष्ट्रपति | जेठ–असार |
| **९. कार्यान्वयन**<br>मन्त्रालय तथा निकायले बजेट कार्यान्वयनको तयारी तथा कार्यान्वयन गर्ने । | मन्त्रालय/विभाग/ कार्यालय | असार–साउन (साउन १ देखि बजेट कार्यान्वयन) |

# २ आर्थिक वर्ष २०८२/८३ को अन्त्यमा अर्थतन्त्रको अवस्था

| | आर्थिक परिसूचक | अवस्था |
|---|---|---|
| | आर्थिक वृद्धिदर | **३.८५ प्रतिशत** |
| | अर्थतन्त्रको आकार (GDP) | **रु. ६६ खर्ब** |
| | उपभोक्ता मुद्रास्फीति वार्षिक औसत | **३.०८ प्रतिशत** |
| | निर्यात-आयात अनुपात | **१५: ८५** |
| | कुल वैदेशिक व्यापार | **रु. २४ खर्ब १२ अर्ब** |
| | विदेशी विनिमय सञ्चिति | **रु. ३८ खर्ब ९८ अर्ब (१९.६ महिनाको वस्तु तथा सेवाको आयात धान्ने)** |
| | विप्रेषण आप्रवाह | **रु.२३ खर्ब ६३ अर्ब (कुल गार्हस्थ उत्पादनको ३५.८ प्रतिशत)** |
| | चालु खाता | **रु. ९ खर्ब २४ अर्बले बचत** |
| | निजी क्षेत्रतर्फ प्रवाहित कर्जा | **रु. ५८ खर्ब ५७ अर्ब** |
| | तिर्न बाँकी कुल सार्वजनिक ऋण | **रु. २९ खर्ब ८१ अर्ब (कुल गार्हस्थ्य उत्पादनको ४५.१८ प्रतिशत)** |

# ३ यस बजेटका मुख्य लक्ष्य तथा विशेषता के के हुन् ?

## बजेटका मुख्य लक्ष्य के के हुन् ?

- सुशासन कायम गर्ने,
- मध्यम बर्गको अभ्युदय गर्ने,
- उत्पादनशील रोजगारी सिर्जना गर्ने,
- प्रतिस्पर्धी अर्थतन्त्रको निर्माण गर्ने, र
- सम्मानपूर्ण जीवनको आधार निर्माण गर्ने ।

## आर्थिक वर्ष २०८३/८४ को बजेटका मुख्य विशेषता के के हुन् ?

- नीतिगत तथा कानूनी सुधार, सुशासन र सेवा प्रवाहलाई जोड दिइएको छ ।
- उत्पादन र रोजगारीलाई बजेटको केन्द्रमा राखिएको छ ।
- सीमित स्रोतलाई प्राथमिकता प्राप्त तथा उच्च प्रतिफल दिने क्षेत्रमा केन्द्रित गर्ने नीति लिइएको छ ।
- निजी क्षेत्रको लगानी र उद्यमशीलतालाई आर्थिक विकासको प्रमुख आधारका रूपमा अघि बढाइएको छ ।
- डिजिटल प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको प्रयोगलाई आर्थिक गतिविधिसँग जोड्ने व्यवस्था गरिएको छ ।
- सार्वजनिक खर्चलाई मितव्ययी, नतिजामुखी, जवाफदेही बनाउने व्यवस्था गरिएको छ ।
- राजस्व प्रणालीलाई सरल, पारदर्शी र लगानी तथा प्रविधिमैत्री बनाउने नीति लिइएको छ ।
- युवा तथा स्टार्टअप मार्फत रोजगारी र उद्यम सिर्जनामा जोड दिइएको छ ।
- सङ्घ, प्रदेश र स्थानीय तह बीच वित्तीय समन्वय र हस्तान्तरणलाई निरन्तरता दिइएको छ ।

# ४ यो वर्ष सरकारले कति रकमको बजेट ल्याएको छ ?

आर्थिक वर्ष २०८३/८४ को लागि सरकारले कुल रु. २१ खर्ब २४ अर्ब ३४ करोड बजेट छुट्याएको छ। यो रकम तीन भागमा बाँडिएको छ। नियमित सञ्चालन खर्चलाई चालुमा, विकास तथा निर्माणसँग सम्बन्धित खर्चलाई पुँजीगतमा र ऋण तथा शेयर लगानीको साथै ऋणको साँवा भुक्तानीसम्बन्धी खर्चलाई वित्तीय व्यवस्थामा देखाइएको छ।

## बजेट विनियोजन




## बजेटको स्रोत व्यवस्थापन



# आर्थिक लक्ष्य

| आर्थिक वृद्धि लक्ष्य | मुद्रास्फीती लक्ष्य |
| --- | --- |
| ७% | ६% |

## सरकारले कुन कुन स्रोतबाट राजस्व उठाउँछ ?

गैरकर राजस्व
रु. १ खर्ब ७७ अर्ब

अन्तःशुल्क तथा अन्य करहरू
रु. २ खर्ब ७० अर्ब ५९ करोड

भन्सार महसुल
रु. ३ खर्ब ५८ अर्ब ३ करोड




मूल्य अभिवृद्धि कर
रु. ३ खर्ब ८८ अर्ब ८३ करोड

**जम्मा राजस्व**
रु. १५ खर्ब ८० अर्ब ३१ करोड

आयकर
रु. ३ खर्ब ८५ अर्ब ८६ करोड

## सरकारको ऋण कति छ ?

२०८३ असार मसान्त सम्मको सार्वजनिक ऋण




**जम्मा ऋण**
रु. २९ खर्ब ८१ अर्ब ७० करोड

| कुल गार्हस्थ उत्पादनमा ऋणको अनुपात | अपेक्षित ब्याज भुक्तानी (आ. व. ०८३/८४ को लागि) |
| --- | --- |
| ४५.१८% | रु. ९९ अर्ब ७९ करोड |

## यस बजेटले करमा गरेका मुख्य परिवर्तनहरू के के हुन् ?

यस वर्ष कर प्रणालीलाई सरल, लगानीमैत्री बनाउने, उत्पादनमुखी तथा नागरिकको कर भार घटाउने उद्देश्यले विभिन्न करका दर, सीमा, छुट तथा प्रक्रियामा परिवर्तन गरिएको छ । नागरिकलाई सिधै असर पर्ने मुख्य परिवर्तन यी हुन् :



व्यक्तिगत आयकरको छुट सीमा बढाएर वार्षिक रु. १० लाख पुऱ्याइएको छ र करका दर पनि घटाइएको छ ।

व्यक्तिगत आयकरका नयाँ दर यस प्रकार छन् :

| वार्षिक आम्दानी | करको दर |
|---|---|
| रु. १० लाखसम्म | १ प्रतिशत |
| रु. १० लाखदेखि १५ लाख | १० प्रतिशत |
| रु. १५ लाखदेखि २५ लाख | २० प्रतिशत |
| रु. २५ लाखदेखि ४० लाख | २७ प्रतिशत |
| रु. ४० लाखभन्दा माथि | २९ प्रतिशत |



उद्योगले प्रयोग गर्ने २७३ प्रकारका कच्चा पदार्थमा भन्सार दर घटाइएको छ । अब कच्चा पदार्थमा लाग्ने भन्सार महसुल तयारी सामानमा लाग्नेभन्दा कम्तीमा एक तह कम हुनेछ । यसले स्वदेशी उत्पादन सस्तो बनाउन मद्दत गर्छ ।



३६० प्रकारका वस्तुमा लाग्दै आएको अन्तःशुल्क हटाइएको छ, जसले ती वस्तु सस्तो हुने अपेक्षा गरिएको छ ।



सुन तथा सुनका गरगहनामा लाग्दै आएको २ प्रतिशत विलासिता शुल्क हटाई ०.५ प्रतिशत सीप प्रवर्द्धन शुल्क लगाइएको छ । यही शुल्क चाँदी र चाँदीका गरगहनामा पनि लाग्नेछ ।

# ५ वित्तीय सङ्घीयता

नेपालको संविधान अनुसार देशमा तीन तहका सरकार छन् - सङ्घ, प्रदेश, र स्थानीय तह। तीनै तहले आफ्नो अधिकारक्षेत्रभित्र रही कर उठाउन, बजेट बनाउन र खर्च गर्न पाउँछन्।

## सङ्घीय बजेट विनियोजनमा सङ्घ, प्रदेश र स्थानीय तहको हिस्सा कति छ ?




## कुन तहले कुन कर उठाउँछ ?

- सङ्घले भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक करजस्ता कर उठाउँछ।
- प्रदेशले सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन करजस्ता कर उठाउँछ।
- स्थानीय तहले सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, व्यवसाय करजस्ता कर उठाउँछ।

## राजस्व कसरी बाँडिन्छ ?

सङ्घले उठाएको **मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा लाग्ने अन्त:शुल्कको निश्चित हिस्सा** सङ्घ, प्रदेश र स्थानीय तहलाई बाँडिन्छ। सङ्घ, कुन प्रदेश र कुन स्थानीय तहले राजस्व बाँडफाँट बापत कति रकम पाउँछ भन्ने कुरा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बनाएको सूत्रले तय गर्छ। पानी, वन, विद्युत, पर्वतारोहण र  खानी तथा खनिज जस्ता प्राकृतिक स्रोतबाट आउने रोयल्टी पनि तीनै तह बीच बाँडिन्छ।

## तीन तहको राजस्व बाँडफाँटको खाका

| विवरण | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मुल्य अभिवृद्धि कर | ७० प्रतिशत | १५ प्रतिशत | १५ प्रतिशत |
| आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्क | ७० प्रतिशत | १५ प्रतिशत | १५ प्रतिशत |
| रोयल्टी | ५० प्रतिशत | २५ प्रतिशत | २५ प्रतिशत |

## सङ्घबाट प्रदेश र स्थानीय तहमा जाने अनुदान के के हुन् ?

प्रदेश र स्थानीय तहले आफैं उठाउने राजस्वले उनीहरूको खर्चको आवश्यकता पूरा हुन सक्दैन । त्यसैले सङ्घीय सरकारले उनीहरूलाई चार किसिमका अनुदान उपलब्ध गराउँछ ।

- **वित्तीय समानीकरण अनुदान:** स्थानीय वा प्रदेश सरकारहरू बीचको स्रोत असमानता घटाउन दिइने अनुदान हो । यो आफ्नै प्राथमिकताअनुसार खर्च गर्न पाइन्छ ।
- **सशर्त अनुदान:** तोकिएको काममा मात्र खर्च गर्नुपर्ने अनुदान (जस्तै: शिक्षक तलब, खोप कार्यक्रम) ।
- **समपुरक अनुदान:** आयोजनाको लागतको केही हिस्सा प्रदेश/स्थानीय तह आफैँले हाल्ने र बाँकी सङ्घले थप्ने अनुदान ।
- **विशेष अनुदान:** पछाडि परेका क्षेत्र वा विशेष आवश्यकताका कार्यक्रमका लागि दिइने अनुदान।

## कुन तहले के काम गर्छ ?

संविधानले तीनै तहलाई फरक-फरक कार्यजिम्मेवारी दिएको छ । गाउँपालिका/नगरपालिकाले आधारभूत विद्यालय, स्थानीय सडक, खानेपानी, सरसफाइ र स्थानीय विकासका काम गर्दछ । प्रदेशले प्रादेशिक योजना, प्रदेशस्तरका सडक, अस्पताल र ठूला आयोजनाको काम गर्दछ । सङ्घले राष्ट्रिय नीति निर्माण, अनुसन्धान, राष्ट्रिय मापदण्ड, सुरक्षा, परराष्ट्र सम्बन्ध र ठूला पूर्वाधारको काम गर्छ ।

## ऋण तथा वित्तीय अनुशासन

प्रदेश र स्थानीय सरकारले राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्व रकमको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था छ । तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्छ ।

# सङ्घबाट प्रदेश र स्थानीय तहलाई कति अनुदान जान्छ ?

आर्थिक वर्ष २०८३/८४ मा प्रदेश र स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको विवरण (रकम रु.) :




| प्रदेश | समानीकरण | सशर्त | समपुरक | विशेष | जम्मा |
|---|---|---|---|---|---|
| कोशी | ९ अर्ब १२ करोड | ५ अर्ब ९६ करोड | ८४ करोड | ५५ करोड | १६ अर्ब ४७ करोड |
| मधेश | ७ अर्ब ८५ करोड | ८ अर्ब १० करोड | ९५ करोड | ७० करोड | १७ अर्ब ६० करोड |
| बागमती | ८ अर्ब ४३ करोड | ५ अर्ब ८२ करोड | ४४ करोड | ५३ करोड | १५ अर्ब २१ करोड |
| गण्डकी | ७ अर्ब ८५ करोड | ३ अर्ब ९३ करोड | ५५ करोड | ४० करोड | १२ अर्ब ७३ करोड |
| लुम्बिनी | ८ अर्ब ५६ करोड | ४ अर्ब ४६ करोड | ७७ करोड | ६३ करोड | १४ अर्ब ४२ करोड |
| कर्णाली | १० अर्ब ६३ करोड | ५ अर्ब ४२ करोड | ६७ करोड | ४९ करोड | १७ अर्ब २१ करोड |
| सुदुरपश्चिम | ९ अर्ब ६ करोड | ६ अर्ब ०४ करोड | ३९ करोड | ५३ करोड | १६ अर्ब २ करोड |
| जम्मा | ६१ अर्ब ५० करोड | ३९ अर्ब ७३ करोड | ४ अर्ब ६० करोड | ३ अर्ब ८२ करोड | १ खर्ब ९ अर्ब ६५ करोड |
| स्थानीय तह | ९० अर्ब २० करोड | २ खर्ब ६अर्ब ९ करोड | ८ अर्ब ९३ करोड | ९ अर्ब ४० करोड | ३ खर्ब १४ अर्ब ६२ करोड |
| कुल जम्मा | १ खर्ब ५१ अर्ब ७१ करोड | २ खर्ब ४५ अर्ब ८१ करोड | १३ अर्ब ५३ करोड | १३ अर्ब २२ करोड | ४ खर्ब २४ अर्ब २८ करोड |

# ६ बजेट कुन कुन काममा खर्च हुन्छ ?

## मन्त्रालय/निकायगत बजेट बाँडफाँट

विभिन्न मन्त्रालय तथा निकायलाई सेवा तथा कार्यको लागि गरिएको बजेट बाँडफाँटको विवरण देहाय बमोजिम रहेको छः

| निकाय | जम्मा रकम (रु.) | चालु रकम (रु.) | पुँजीगत रकम (रु.) | वित्तीय व्यवस्था |
|---|---|---|---|---|
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ७ अर्ब ४८ करोड | ४ अर्ब ३१ करोड | ३ अर्ब १७ करोड | |
| अर्थ मन्त्रालय | ५७ अर्ब ५७ करोड | २६ अर्ब ७५ करोड | ३० अर्ब ८२ करोड | |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ८ अर्ब ३१ करोड | ५ अर्ब १४ करोड | ३ अर्ब १७ करोड | |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ४२ अर्ब ६० करोड | ४ अर्ब २३ करोड | ३८ अर्ब ३७ करोड | |
| कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५८ करोड | ५८ करोड | | |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | ६० अर्ब ३१ करोड | ५४ अर्ब ५१ करोड | ५ अर्ब ८१ करोड | |
| गृह मन्त्रालय | १ खर्ब ७ अर्ब ९५ करोड | ८९ अर्ब ८४ करोड | १८ अर्ब ११ करोड | |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ७ अर्ब ३४ करोड | २ अर्ब ६४ करोड | ४ अर्ब ७० करोड | |
| परराष्ट्र मन्त्रालय | ८ अर्ब ७४ करोड | ७ अर्ब १८ करोड | १ अर्ब ५६ करोड | |
| विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय | ४ अर्ब | १ अर्ब ७८ करोड | २ अर्ब २२ करोड | |
| पूर्वाधार विकास मन्त्रालय | २ खर्ब ६९ अर्ब २९ करोड | १६ अर्ब ५६ करोड | २ खर्ब ५२ अर्ब ७३ करोड | |

| | | | | |
|---|---|---|---|---|
| महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय | १ खर्ब २१ अर्ब ६४ करोड | १ खर्ब २० अर्ब ९७ करोड | ६७ करोड | |
| रक्षा मन्त्रालय | ६४ अर्ब ९७ करोड | ५८ अर्ब ७७ करोड | ६ अर्ब २० करोड | |
| शिक्षा तथा खेलकुद मन्त्रालय | ६२ अर्ब ९० करोड | ५७ अर्ब ३ करोड | ५ अर्ब ८७ करोड | |
| सूचना तथा सञ्चार मन्त्रालय | ५ अर्ब ९४ करोड | ५ अर्ब २२ करोड | ७२ करोड | |
| भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | १२ अर्ब ७८ करोड | १२ अर्ब १७ करोड | ६१ करोड | |
| स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | ५५ अर्ब ९२ करोड | ४४ अर्ब ७२ करोड | ११ अर्ब २० करोड | |
| युवा, श्रम तथा रोजगार मन्त्रालय | १ अर्ब ८८ करोड | १ अर्ब ६० करोड | २८ करोड | |
| अन्य निकाय | २ खर्ब ७७ अर्ब ४२ करोड | २ खर्ब ३२ अर्ब ५२ करोड | ४४ अर्ब ९० करोड | |
| वित्तीय व्यवस्था | ५ खर्ब २२ अर्ब ४४ करोड | ९९ अर्ब ७९ करोड | | ४ खर्ब २२ अर्ब ६५ करोड |
| प्रदेश | १ खर्ब ९ अर्ब ६५ करोड | १ खर्ब ९ अर्ब ६५ करोड | | |
| स्थानीय तह | ३ खर्ब १४ अर्ब ६२ करोड | ३ खर्ब १४ अर्ब ६२ करोड | | |
| **कुल जम्मा** | **२१ खर्ब २४ अर्ब ३४ करोड** | **१२ खर्ब ७० अर्ब ५८ करोड** | **४ खर्ब ३१ अर्ब ११ करोड** | **४ खर्ब २२ अर्ब ६५ करोड** |

## कामको आधारमा वर्गीकरण

सरकारी खर्चलाई उद्देश्य र कामका आधारमा वर्गीकरण (Classification of Functions of Government- COFOG) गर्दा सरकारले कुन क्षेत्रमा कति प्राथमिकता दिएको छ भन्ने देखाउँछ ।

| विवरण | रकम (रु.) | प्रतिशत |
|---|---|---|
| सामान्य सार्वजनिक सेवा * | १० खर्ब ५४ अर्ब ६७ करोड | ४९.६५ |
| रक्षा | ६३ अर्ब २७ करोड | २.९८ |
| सार्वजनिक शान्ति तथा सुरक्षा | ९१ अर्ब ९७ करोड | ४.३३ |
| आर्थिक मामिला | ४ खर्ब ४८ अर्ब ९५ करोड | २१.१३ |
| वातावरण संरक्षण | १० अर्ब ०० करोड | ०.४७ |
| आवास तथा सामुदायिक सुविधा | ८६ अर्ब ९९ करोड | ४.१० |
| स्वास्थ्य | ७४ अर्ब ७२ करोड | ३.५२ |
| मनोरञ्जन संस्कृति तथा धर्म | ६ अर्ब ७६ करोड | ०.३२ |
| शिक्षा | ५९ अर्ब २४ करोड | २.७९ |
| सामाजिक सुरक्षा | २ खर्ब २७ अर्ब ७७ करोड | १०.७२ |
| **जम्मा** | **२१ खर्ब २४ अर्ब ३४ करोड** | **१००.००** |

** ध्यान दिनुहोस्: यो तालिकामा देखिएको शिक्षा र स्वास्थ्यको प्रतिशत सङ्घीय सरकार आफैले गर्ने खर्च मात्र हो । शिक्षा र स्वास्थ्यमा प्रदेश र स्थानीय तहमार्फत हुने खर्चलाई सामान्य सार्वजनिक सेवा अन्तर्गत राखिने हुँदा यसमा छुट्टै देखिँदैन । सामान्य सार्वजनिक सेवा भित्र प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको शिक्षा र स्वास्थ्यको रकम समेत समावेश गर्दा शिक्षामा जम्मा रु. २ खर्ब १८ अर्ब ३० करोड (१०.२७ प्रतिशत) र स्वास्थ्यमा रु. १ खर्ब १ अर्ब ९५ करोड (४.७९) विनियोजन भएको छ ।*

## लैङ्गिक उत्तरदायी बजेट

महिला सशक्तीकरण प्रवर्द्धन गरी लैङ्गिक समानता कायम गर्न योजना तर्जुमा तथा बजेट विनियोजन र कार्यान्वयनमा लैङ्गिक संवेदनशीलता (महिला र पुरुषका फरक-फरक आवश्यकता हुन्छन र तिनलाई सम्बोधन गर्ने गरी) अवलम्बन गर्ने प्रक्रिया नै लैङ्गिक उत्तरदायी बजेट प्रणाली हो । बजेट प्रणालीमा यसलाई छुट्टै कोडिङ गरी देहायबमोजिम प्रत्यक्ष लाभ, अप्रत्यक्ष लाभ र तटस्थ गरी वर्गीकरण गरिएको छ ।

**जम्मा: रु. २१ खर्ब २४ अर्ब ३४ करोड**




## जलवायु बजेट

जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम र प्रभावलाई **न्यूनीकरण तथा अनुकूलन** गर्न, वातावरण संरक्षण र जलवायु उत्थानशील विकासका लागि विनियोजन गरिने बजेट हो । नेपालले जलवायु बजेटलाई बजेट प्रणालीमै पहिचान गर्ने अभ्यास गरेको छ जसलाई देहाय बमोजिम वर्गीकरण गरी देखाइएको छ ।

**जम्मा: रु. २१ खर्ब २४ अर्ब ३४ करोड**




## दिगो विकास लक्ष्य बजेट

दिगो विकास लक्ष्य भन्नाले सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले सन् २०३० सम्म हासिल गर्ने गरी स्वीकार गरेका १७ वटा विश्वव्यापी लक्ष्यहरूलाई जनाउँछ । यी लक्ष्य हासिल गर्नु सदस्य राष्ट्रहरूका साझा प्रतिवद्धता हो । हाम्रो बजेट प्रणालीमा दिगो विकास लक्ष्यको दृष्टिकोणले छुट्टै कोडिङ गरी विनियोजन गरिएको बजेटलाई देखाइएको छ ।

| सङ्केत | दिगो विकास लक्ष्य | रकम (रु.) | प्रतिशत |
|---|---|---|---|
| १ | गरिबीको अन्त्य | १ खर्ब ८७ अर्ब ३० करोड | ८.८२ |
| २ | शून्य भोकमरी | ६९ अर्ब ४७ करोड | ३.२७ |
| ३ | स्वस्थ जीवन | ५८ अर्ब ९७ करोड | २.७८ |
| ४ | गुणस्तरीय शिक्षा | ६२ अर्ब ९३ करोड | २.९६ |
| ५ | लैङ्गिक समानता | ८१ करोड | ०.०४ |
| ६ | दिगो सफा पानी तथा सरसफाइ सेवा | २५ अर्ब ७८ करोड | १.२१ |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ७०अर्ब १४ करोड | ३.३ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ७० अर्ब ७३ करोड | ३.३३ |
| ९ | उद्योग, नवीन खोज र पूर्वाधार | १ खर्ब ८८ अर्ब ५ करोड | ८.८५ |
| १० | असमानता न्यूनीकरण | १ खर्ब ३३ अर्ब ६६ करोड | ६.२९ |
| ११ | दिगो शहर र वस्तिहरू | १ खर्ब ४२ अर्ब ६ करोड | ६.६९ |
| १३ | जलवायु परिवर्तन अनुकूलन | १० अर्ब ७५ करोड | ०.५१ |
| १५ | भूसतह सतहको उपयोग | ९ अर्ब ५६ करोड | ०.४५ |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | १ खर्ब ७१ अर्ब ५७ करोड | ८.०८ |
| १७ | दिगो विकासका लागि साझेदारी | १३ अर्ब २० करोड | ०.६२ |
| ० | साङ्केतीकरण नगरिएको | ९ खर्ब ९ अर्ब ३६ करोड | ४२.८१ |
| | **कुल जम्मा** | **२१ खर्ब २४ अर्ब ३४ करोड** | **१००** |

*नोट: बजेटमा दिगो विकास लक्ष्य १२ (दिगो उपभोग तथा उत्पादन) र १४ (पानी मुनिको जीवन) का लागि वर्गीकरण गरिएको छैन।*

# ८ बजेटका प्राथमिकता र प्रमुख क्षेत्रगत कार्यक्रम के के हुन् ?

## बजेटका प्रमुख प्राथमिकता

- नीतिगत तथा कानूनी सुधार,
- सुशासन, नागरिकमैत्री सेवा तथा सार्वजनिक सेवा प्रवाहमा सुधार,
- उत्पादन तथा उत्पादकत्व वृद्धि,
- स्वदेशमै उत्पादनशील रोजगारी तथा उद्यमशीलताको विस्तार,
- निजी क्षेत्रको लगानी तथा आत्मविश्वास अभिवृद्धि,
- गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी,
- कृषि, ऊर्जा, पर्यटन, सूचना प्रविधि तथा सेवा क्षेत्रको विकास,
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच,
- सामाजिक सुरक्षाको सुनिश्चितता र सामाजिक न्याय,
- डिजिटल प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको प्रयोग,
- सार्वजनिक खर्चलाई मितव्ययी, दक्ष तथा परिणाममुखी बनाउने,
- हरित अर्थतन्त्र तथा जलवायु उत्थानशीलता,
- सन्तुलित, समावेशी र दिगो विकास ।

# प्रमुख क्षेत्रगत कार्यक्रमहरू

## १ सडक तथा शहरी पूर्वाधार विकास

### सडक पूर्वाधार

**(विनियोजन : रु. १ खर्ब ३६ अर्ब १६ करोड)**

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

| | |
|---|---|
| सडक कालोपत्रे | करिब १ हजार किलोमिटर |
| सडक पुल निर्माण | २७५ वटा |
| पूर्व-पश्चिम राजमार्ग | पाँच वर्षभित्र चार लेनमा स्तरोन्नति |

| | |
|---|---|
| पूर्व-पश्चिम राजमार्गको स्तरोन्नति | → **रु. ३७ अर्ब ४६ करोड** |
| देशभर सडक मर्मतसम्भार अभियान | → **रु. २८ अर्ब ५२ करोड** |
| काठमाडौं-तराई-मधेश द्रुतमार्ग | → **रु. १७ अर्ब ६४ करोड** |
| व्यापारिक मार्ग विस्तार | → **रु. १७ अर्ब २५ करोड** |
| राष्ट्रिय राजमार्ग तथा रणनीतिक सडकका पुल | → **रु. ९ अर्ब ८७ करोड** |
| राजमार्ग स्तरोन्नति | → **रु. ८ अर्ब ८७ करोड** |
| स्थानीय स्तरका सडक पुल (केन्द्रसम्मको पहुँच) | → **रु. ६ अर्ब २१ करोड** |
| नागढुङ्गा-मुग्लिङ्ग सडक खण्ड | → **रु. ६ अर्ब ५५ करोड** |
| कर्णाली, कालीगण्डकी र कोशी कोरिडोर | → **रु. ६ अर्ब २५ करोड** |
| स्थानीय तह केन्द्र पहुँच सुधार कार्यक्रम | → **रु. ३ अर्ब ४९ करोड** |
| हुलाकी राजमार्ग | → **रु. ४ अर्ब ६५ करोड** |
| सडक सुरक्षा | → **रु. २ अर्ब ४६ करोड** |
| पुष्पलाल (मध्यपहाडी) राजमार्गमा ६५ किलोमिटर सडक स्तरोन्नति र पाँच पुल निर्माण | → **रु. २ अर्ब १६ करोड** |



**विनियोजन**

**रु. २ खर्ब ८६ अर्ब ४८ करोड**

- राजमार्गमा पहिरो तथा अवरोध तत्काल हटाउन → **रु. ३ अर्ब १७ करोड**
- मदन भण्डारी राजमार्ग → **रु. १ अर्ब ४६ करोड**
- गल्छी रसुवागढी सडक → **रु. १ अर्ब ३५ करोड**
- कर्णाली राजमार्ग → **रु. १ अर्ब**

### शहरी पूर्वाधार

**(विनियोजन : रु. ५३ अर्ब ३ करोड)**

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- मध्य पहाडी लोकमार्गमा १० वटा नयाँ शहर → **रु. १ अर्ब ८३ करोड**
- झोलुङ्गे पुल निर्माण → **रु. ५ अर्ब १४ करोड**
- एकीकृत फोहोरमैला व्यवस्थापन ढलमुक्त नदी अभियान र नदी किनारमा हरियाली प्रवर्द्धन → **रु. ४ अर्ब १९ करोड**

## २ स्वच्छ खानेपानी तथा सरसफाइ



**विनियोजन**
**रु. ३७ अर्ब १७ करोड**

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- आगामी तीन वर्षमा ६५ प्रतिशत र पाँच वर्षमा शत प्रतिशत नागरिकलाई सुरक्षित खानेपानी उपलब्ध गराउने ।
- पानी परीक्षण प्रयोगशाला तथा क्यूआरमा आधारित पानी गुणस्तर अनुगमन विस्तार गर्ने ।
- मेलम्ची खानेपानी तथा उपत्यकाका विभिन्न क्षेत्रमा पाइप सञ्जाल विस्तार → **रु. ७ अर्ब २६ करोड**
- काठमाडौं उपत्यकाका पाँच स्थानमा फोहोर पानी प्रशोधन केन्द्र निर्माण → **रु. ३ अर्ब ४६ करोड**
- तराई-मधेशमा अधुरो रहेका २८० खानेपानी आयोजना सम्पन्न गर्ने → **रु. २ अर्ब ५० करोड**
- प्रमुख शहरमा खानेपानी, ढल तथा प्रशोधन → **रु. २ अर्ब ३४ करोड**

## ३ स्वच्छ ऊर्जा विकास

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- चालु आर्थिक वर्ष जलविद्युतबाट ६७० मेगावाट र सौर्य ऊर्जाबाट ३७० मेगावाट गरी थप १,०४० मेगावाट विद्युत राष्ट्रिय प्रसारणमा जोड्ने ।
- १,२०० मेगावाटको बुढीगण्डकी जलाशययुक्त आयोजनालाई अधिकार सम्पन्न प्राधिकरण मोडलबाट अगाडि बढाउने ।
- कर्णालीमा राष्ट्रिय प्रसारण लाइन विस्तार गर्ने ।
- हेटौँडामा २.५ मेगावाट ग्रिन हाइड्रोजन पाइलट आयोजना स्थापना गर्ने ।
- काठमाडौंमा १०० मेगावाट ब्याट्री ऊर्जा भण्डारण प्रणाली सुरु गर्ने ।



**विनियोजन**
**रु. ८५ अर्ब ५४ करोड**

- प्रसारण लाइन तथा सबस्टेसन निर्माण → **रु. ७० अर्ब**
- तनहुँ जलाशययुक्त आयोजना → **रु. ६ अर्ब १० करोड**
- दुधकोशी जलाशययुक्त आयोजना → **रु. ४ अर्ब २४ करोड**
- बुढीगण्डकी जलविद्युत आयोजना → **रु. १ अर्ब ५० करोड**

## ४ सिँचाइ पूर्वाधार विकास

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- चालु आर्थिक वर्ष थप १५ हजार ८ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउने ।
- सिँचाइ पुगेको खेतीयोग्य जमिनको अनुपात ६४ प्रतिशत पुऱ्याउने ।
- भूमिगत सिँचाइबाट तराई/मधेशमा थप ३,९८० हेक्टर जमिनमा सुविधा पुऱ्याउने ।



**विनियोजन :**
**रु. ३५ अर्ब ९५ करोड**

- बबइ सिँचाइ, सिक्टा सिँचाइ, सुनकोसी मरिन डाइभर्सन, बागमती सिँचाइ, महाकाली सिँचाइ, भेरी बबई डाइभर्सन, रानी जमरा कुलरिया सिँचाइ, नदी नियन्त्रण → **रु. २० अर्ब ५४ करोड**
- सर्लाही र धनुषामा स्मार्ट प्रविधिमा आधारित भूमिगत सिँचाइ, ट्युववेल सिँचाइ प्रणालीको संरचना निर्माण → **रु. ३ अर्ब ८८ करोड**
- लोहन्द्रा खोला नहर निर्माण, बृहत् दाङ उपत्यक सिँचाइ प्रणाली विस्तार, बडकापथ सिँचाइ, लिफ्ट प्रविधिबाट सिँचाइ → **रु. १ अर्ब ९० करोड**
- पहाडी टारमा लिफ्ट सिँचाइ → **रु. ८० करोड**

## ५ कृषि तथा पशुपन्छी विकास

### प्रमुख लक्ष्य तथा कार्यक्रम

- कृषि तथा पशु बीमामा सरकारले ८० प्रतिशतसम्म प्रिमियम अनुदान उपलब्ध गराउने ।
- न्यूनतम रु. २ करोडसम्म कृषि तथा पशुजन्य उत्पादनका लागि प्रारम्भिक पुँजी लगानी गर्ने कृषकलाई ४० प्रतिशतसम्म प्रोत्साहन अनुदान उपलब्ध गराउने ।
- किसान परिचयपत्र वितरण सुरु गर्ने ।
- सिराहा-सप्तरीमा आँप एवम् सर्लाहीमा गोलभेँडा प्रशोधन केन्द्र स्थापना गर्ने ।
- कर्णालीमा स्याउ तथा ओखरको फलफूल जोन र चिस्यान केन्द्र स्थापना गर्ने ।



**विनियोजन**
**रु. ४६ अर्ब ९२ करोड**

- रासायनिक मल अनुदान → रु. ३२ अर्ब ४६ करोड
- कृषि बीमा (बाली तथा पशुधन) → रु. २ अर्ब १९ करोड
- कृषि अनुसन्धान कार्यक्रम → रु. २ अर्ब ६४ करोड
- राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम → रु. २ अर्ब ६२ करोड
- उखु कृषकलाई अनुदान → रु. १ अर्ब ५० करोड
- उच्च मूल्य कृषि उत्थानशील कार्यक्रम → रु. १ अर्ब ४५ करोड
- प्राङ्गारिक तथा हरियो मल प्रवर्द्धन → रु. ३६ करोड
- पशुरोग नियन्त्रण → रु. २४ करोड

## ६ वन, वातावरण तथा जलवायु



विनियोजन
रु. १२ अर्ब ३१ करोड

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- कर्णालीमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने ।
- वनलाई हरित उद्योग, रोजगारी र आयात प्रतिस्थापनसँग जोड्ने ।
- सामुदायिक वनलाई उत्पादन, प्रशोधन, ब्रान्डिङ तथा उद्यमसँग जोड्ने ।
- कार्बन उत्सर्जन न्यूनीकरण तथा स्थानीय समुदायको लाभ सुनिश्चित गर्ने ।
- राष्ट्रिय वन विकास कार्यक्रम → **रु. १ अर्ब ५ करोड**
- चुरे तथा तराई–मधेशको जलचक्र संरक्षणका लागि पानीका स्रोत, पोखरी, पहिरो नियन्त्रण तथा तटबन्ध निर्माण → **रु. ९९ करोड**
- जैविक विविधता तथा जलाधार व्यवस्थापन → **रु. ६५ करोड**
- सिमसार क्षेत्र व्यवस्थापन → **रु. ३ करोड**
- सामुदायिक तथा कबुलियती वनमा फलफूल तथा बहुउपयोगी बिरूवा रोपण तथा संरक्षण → **रु. १ करोड**

## ७ शिक्षा : मानव पुँजीमा लगानी



विनियोजन
रु. २ खर्ब १८ अर्ब ३० करोड

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- चिकित्सा, नर्सिङ तथा सूचना प्रविधि शिक्षाका अवसर विस्तार गर्ने ।
- गेटास्थित सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयमा चिकित्सा शिक्षाका कार्यक्रम सञ्चालन गर्ने ।
- पछाडि परेका समुदायका विद्यार्थीका लागि आवासीय विद्यालय (सुरुवातमा चेपाङ समुदायलाई लक्षित) सञ्चालन गर्ने ।
- विदेशमा रहेका नेपाली युवालाई खुला विश्वविद्यालयमार्फत अध्ययनको अवसर उपलब्ध गराउने ।
- उद्योग र श्रम बजारसँग जोडिएको मागमा आधारित सीप प्रणाली विस्तार गर्ने ।
- राष्ट्रिय योग्यता ढाँचा तथा पूर्वसिकाइ मान्यतामार्फत अनुभवबाट प्राप्त सीपलाई औपचारिक मान्यता दिने ।

- विद्यालय शिक्षक तलब → रु. १ खर्ब २ अर्ब
- तोकिएका जिल्लामा विद्यार्थी दिवा खाजा कार्यक्रम → रु. १० अर्ब २० करोड
- बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारी → रु. १० अर्ब १५ करोड
- लक्षित विद्यार्थी छात्रवृत्ति → रु. ८ अर्ब ८३ करोड
- आवासीय विद्यालय सञ्चालन → रु. ६ करोड
- विद्यालय भवन निर्माण → रु. ३ अर्ब ९७ करोड
- सामुदायिक विद्यालयको पूर्वाधार आवश्यकता म्यापिङ → रु. १ अर्ब

## ८ खेलकुद



विनियोजन
रु. ४ अर्ब ३ करोड

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- तीन वर्षभित्र कम्तीमा १० वटा फुटबल रङ्गशालालाई फ्लडलाइटसहित स्तरोन्नति गर्ने ।
- प्रमुख आठ शहरमा पाँच वर्षभित्र आधुनिक क्रिकेट रङ्गशाला निर्माण गर्ने ।
- विराटनगर, लहान, काठमाडौं, पोखरा, बुटवल, सुर्खेत र धनगढीको फाप्लामा इन्डोर मल्टिपर्पोज स्टेडियम निर्माण गर्ने ।
- प्रतिभाशाली विद्यार्थीलाई विद्यालय तहदेखि छनोट गरी आवासीय प्रशिक्षण दिने ।
- अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई आजीवन निःशुल्क स्वास्थ्य उपचार गर्ने ।

- खेलकुद पूर्वाधार → रु. ४ अर्ब ३ करोड

## ९ स्वास्थ्य

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- सातवटै प्रदेशका प्रमुख सरकारी अस्पताललाई चरणबद्ध रूपमा शिक्षण तथा विशिष्टीकृत स्वास्थ्य केन्द्रका रूपमा विकास गर्ने।
- आगामी तीन वर्षमा ९० प्रतिशत नेपालीलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने।
- डिजिटल स्वास्थ्य प्रणाली विस्तार गर्ने।
- दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा तथा रेफरल प्रणाली सुदृढीकरण गर्ने।



विनियोजन
रु. १ खर्ब १ अर्ब ९५ करोड

- स्वास्थ्य बीमा → **रु. १५ अर्ब**
- विपन्न नागरिक, आमा सुरक्षा, निःशुल्क औषधि लगायत स्वास्थ्य सामाजिक सुरक्षाका कार्यक्रम → **रु. १३ अर्ब १५ करोड**
- आधारभूत अस्पताल निर्माण तथा औजार उपकरण → **रु. १० अर्ब ६४ करोड**
- खोप तथा खोप सामग्री → **रु. ३ अर्ब ६ करोड**
- १५ वर्ष मुनिका बालबालिका र ७५ वर्ष माथिका जेष्ठ नागरिकको निःशुल्क मुटु बाथरोगको शल्यक्रिया → **रु. ७० करोड**
- बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा PET Scan तथा Cyclotron जडान → **रु. ३२ करोड**

## १० सूचना प्रविधि तथा डिजिटल नेपाल

**प्रमुख लक्ष्य तथा कार्यक्रम**



विनियोजन
रु. ५ अर्ब ९३ करोड

- डिजिटल सार्वजनिक पूर्वाधार विस्तार गर्ने।
- कर्णाली तथा सुदूरपश्चिममा दूरसञ्चार सेवा विस्तार गर्ने।
- नागरिक एपमा थप सरकारी सेवा आबद्ध गर्ने।
- सरकारी सूचना प्रविधि सफ्टवेयर खरिदमा एकीकृत प्रणाली विकास गर्ने।
- नेपाललाई प्रविधि तथा टेक हबका रूपमा विकास गर्ने।

- सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त आयमा ५० प्रतिशत कर छुट दिने।
- एआई उद्यमी तथा स्टार्टअपलाई सहुलियतपूर्ण कम्प्युटिङ क्षमता उपलब्ध गराउने।
- अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कम्तीमा १५ जना नेपाली एआई शोधकर्तालाई फेलोसिप प्रदान गर्ने।
- स्युचाटारमा सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना गर्ने।

## ११ औद्योगिक विकास, वाणिज्य तथा आपूर्ति



**विनियोजन**
**रु. ८ अर्ब ३१ करोड**

### प्रमुख लक्ष्य तथा कार्यक्रम

- साना तथा मझौला उद्योगका लागि वित्तीय पहुँच विस्तार गर्ने।

| | |
|---|---|
| उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | → **रु. १ अर्ब १८ करोड** |
| स्टार्टअप उद्यम व्यवसायलाई सहुलियतपूर्ण कर्जा | → **रु. ८० करोड** |
| स्थानीय तहबाट सञ्चालन हुने लघु उद्यम | → **रु. ७९ करोड** |
| औद्योगिक पूर्वाधार विकास | → **रु. ६५ करोड** |
| औद्योगिक तथा खानी पहुँच सडक | → **रु. ५० करोड** |
| १०० उद्योगलाई विद्युतीय/बायोब्रिकेट बोइलरमा रूपान्तरण | → **रु. २२ करोड** |
| लघु घरेलु उद्योग तथा स्टार्टअप उद्यम स्तरोन्नतिको लागि सहुलितपूर्ण कर्जा | → **रु. १७ करोड** |
| भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम | → **रु. ७ करोड** |
| जेन जी उद्यमशीलता विकास कार्यक्रम | → **रु. २ करोड** |
| पाँचखालमा महिला उद्यमी विशेष औद्योगिक ग्राम स्थापना तथा सञ्चालन | → **रु. १ करोड** |

## १२ आर्थिक पुनरूत्थान



**प्रमुख कार्यक्रम**

- सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान → **रु. ११ अर्ब ५९ करोड**
- नवप्रवर्तनकारी र वैदेशिक रोजगारबाट फर्केकालाई व्यवसाय सुरुवात गर्न सुरुवाती पुँजी → **रु. १ अर्ब ५५ करोड**

## १३ स्टार्टअप तथा नवप्रवर्तन



**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- कृषि तथा पशुजन्य उद्यम गर्न चाहने १ हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा उपलब्ध गराउने ।
- स्टार्टअप, नवप्रवर्तन र उद्यमशीलतामा अनुदान, सहुलियतपूर्ण कर्जा तथा वृद्धि पुँजीको व्यवस्था गर्ने ।
- अनुसन्धान नवप्रवर्तन तथा उद्यमशीलता अभिवृद्धि कार्यक्रम गर्ने ।
- विज्ञान, प्रविधि तथा नवप्रवर्तन → **रु. ४ अर्ब**
- नेपाल इन्टरप्राइज फसिलिटी → **रु. ५० करोड**

## १४ संस्कृति तथा पर्यटन



**विनियोजन**
**रु. ७ अर्ब ३४ करोड**

**प्रमुख लक्ष्य तथा कार्यक्रम**

- नेपाल भ्रमण वर्ष २०८५ को तयारी गर्ने ।
- 'आरोग्य पर्यटन' प्रवर्द्धन गर्ने ।
- ग्रेट हिमालयन ट्रेललाई रणनीतिक पदमार्गका रूपमा विकास गर्ने ।
- विभिन्न धार्मिक तथा सांस्कृतिक पर्यटकीय करिडोर विकास गर्ने ।
- ऐतिहासिक बौद्ध गुम्बा तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने ।

- लुम्बिनी-मुक्तिनाथ धार्मिक–सांस्कृतिक मार्गको प्रवर्द्धन गर्ने।
- विभिन्न हिमाल तथा नयाँ पर्यटकीय गन्तव्यको ब्रान्डिङ गर्ने।
- प्राचीन तिलौराकोटको संरक्षण तथा बृहत्तर लुम्बिनी क्षेत्र विकास → **रु. ८३ करोड**
- सातै प्रदेशको पहाडी क्षेत्रमा हिलस्टेसन निर्माण → **रु. ४६ करोड**

### नागरिक उड्डयन



**प्रमुख कार्यक्रम**

**विनियोजन**
**रु. २ अर्ब ९८ करोड**

- विमानस्थल पूर्वाधार (भरतपुर, तुलसीपुर, टरीगाउँ, सुर्खेत विमानस्थल) → **रु. १ अर्ब ४५ करोड**
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति → **रु. १ अर्ब ५३ करोड**

## १५ श्रम तथा वैदेशिक रोजगार

**प्रमुख लक्ष्य तथा कार्यक्रम**



**विनियोजन**
**रु. ३ अर्ब ६३ करोड**

- विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न विप्रेषण-लगानी मिलान कोष स्थापना गर्ने।
- विदेशबाट फर्किएका नेपालीको ज्ञान, सीप र पुँजी उपयोग गर्न Returnee Migrant Program सञ्चालन गर्ने।
- युवाका लागि छोटो अवधि तथा कार्यस्थलमा आधारित सीप तालिम प्रदान गर्ने।
- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाने व्यवस्था गर्ने।
- वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत घटाउने तथा शून्य लागतलाई प्रोत्साहन गर्ने।
- अनौपचारिक तथा असङ्गठित श्रमिकलाई सामाजिक सुरक्षामा आबद्ध गर्ने।
- श्रमिक र रोजगारदातालाई श्रम रजिस्ट्रिमा आबद्ध गर्ने।

- सूचीकृत बेरोजगारलाई रोजगार सहायता → **रु. ५२ करोड**
- रोजगार प्रवर्द्धन → **रु. ३५ करोड**
- युवाको क्षमता विकास, युवाको उद्यमशीलता विकास, युवाको पहुँच र सहभागिता → **रु. ६ करोड**

## १६ सामाजिक सुरक्षा तथा समावेशीकरण



**विनियोजन**

**१ खर्ब २१ अर्ब ६४ करोड**

### प्रमुख लक्ष्य तथा कार्यक्रम

- जीवनचक्रका विभिन्न चरणमा हुने जोखिमबाट नागरिकलाई संरक्षण गर्ने ।
- दलित समुदायका पाँच वर्षमुनिका बालबालिकाको पोषण सहायता मासिक रु. १ हजार पुऱ्याउने ।
- उच्च गरिबी तथा कम मानव विकास सूचकाङ्क भएका २५ जिल्लाका बालबालिकाका लागि प्रतिव्यक्ति रु. ५३२ उपलब्ध गराउने ।
- अपाङ्गता भएका व्यक्तिमैत्री सरकारी संरचना, वेबसाइट तथा सफ्टवेयर विकास गर्ने ।
- सबै प्रदेशमा अपाङ्ग पुनर्स्थापना केन्द्र विस्तार गर्ने ।
- अटिजम भएका बालबालिकाका लागि आवासीय नमुना विद्यालय स्थापना गर्ने ।
- सडक बालबालिकाको पुनर्स्थापना तथा नेपाललाई सडक बालबालिका मुक्त राष्ट्र बनाउने ।

---

- सामाजिक सुरक्षा कार्यक्रम → **रु. १ खर्ब २० अर्ब २८ करोड**
- बाल विकास कार्यक्रम → **रु. ५ करोड**
- दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीको हवाइ उद्धार → **रु. ३ करोड**
- बाल सुधार गृहको पूर्वाधार तथा व्यवस्थापन → **रु. ३१ करोड**

# सामाजिक सुरक्षा भत्ता कसले कति रकम पाउँछ ?

| लाभान्वित वर्ग | भत्ता प्राप्त गर्न योग्य उमेर र अवस्था | लाभान्वित सङ्ख्या | मासिक रकम (रु.) |
|---|---|---|---|
| **जेष्ठ नागरिक** | ७० वर्ष उमेर पुगेका | १६ लाख ३५ हजार | ४ हजार |
| **अन्य ज्येष्ठ नागरिक** | साविक कर्णाली अञ्चलका हुम्ला मुगु जुम्ला डोल्पा र कालिकोट जिल्लाका ६० वर्ष उमेर पुगेका | १९ हजार | २ हजार ६ सय ६० |
| **जेष्ठ नागरिक दलित** | ६० वर्ष पुगेका | १ लाख ७४ हजार | २ हजार ६ सय ६० |
| **एकल महिला** | विवाह नगरी बसेका, सम्बन्ध विच्छेद भएका, ६० वर्ष उमेर पुगेका | २ लाख २९ हजार | २ हजार ६ सय ६० |
| **विधवा** | पतिको मृत्यु भएका | ३ लाख ७१ हजार | २ हजार ६ सय ६० |
| **पूर्ण अपाङ्गता** | सम्बन्धित निकायबाट "क" वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका | ७१ हजार | ३ हजार ९ सय ९० |
| **अति अशक्त अपाङ्गता** | सम्बन्धित निकायबाट "ख" वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका | १ लाख ५४ हजार | २ हजार १ सय २८ |
| **लोपोन्मुख आदिवासी जनजाति** | कुसुन्डा, बनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, जनजाति, मेचे र कुसवडिया, पत्थरकट्टा, सिलकट, कुशवधिया, कुचबधिया | २२ हजार | ३ हजार ९ सय ९० |
| **दलित बालबालिका** | ५ वर्ष मुनिका दलित बालबालिका | ३ लाख १३ हजार | १ हजार |
| **क्षेत्र तोकिएका बालबालिका** | तोकिएका २५ जिल्लाका ५ वर्ष मुनिका एक आमाबाट जन्मिएका बढीमा २ सन्तान | ७ लाख ९ हजार | ५ सय ३२ |

कुनै योगदान विना नै सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित हुने लाभग्राही संख्या ३६ लाख ९७ हजार रहेको छ।

# ८ यो बजेटबाट कसले के पाउँछ ?

## लक्षित कार्यक्रम

| लक्षित समूह | प्रमुख व्यवस्था |
|---|---|
| **किसान**<br> | • रासायनिक मलमा अनुदान **रु. ३२ अर्ब ४६ करोड**।<br>• उखु किसानलाई उत्पादनमा अनुदान **रु. १ अर्ब ५० करोड**।<br>• न्यूनतम रु. २ करोडसम्म कृषि तथा पशुजन्य उत्पादनका लागि प्रारम्भिक पुँजी लगानी गर्ने कृषकलाई ४० **प्रतिशतसम्म प्रोत्साहन अनुदान**।<br>• उन्नत बीउ, मल, सिँचाइ, विद्युत र कृषि बीमामा सहयोग।<br>• प्रत्येक स्थानीय तहमा कृषि प्राविधिक परिचालन गरी **किसानको घरदैलोमा कृषि सेवा दिने**।<br>• कृषि र पशु बीमामा ८० **प्रतिशतसम्म अनुदान** उपलब्ध गराउने।<br>• कृषि उत्पादनलाई प्रशोधन र बजारीकरणसँग जोडेर किसानको आम्दानी बढाउने कार्यक्रम। |
| **विद्यार्थी**<br> | • लक्षित विद्यार्थीका लागि **रु. ८ अर्ब ८३ करोड छात्रवृत्ति**।<br>• तोकिएका जिल्लाका विद्यार्थी दिवा खाजा कार्यक्रम **रु. १० अर्ब २० करोड**।<br>• सामुदायिक विद्यालयको भौतिक अवस्था र शिक्षाको गुणस्तर सुधार।<br>• सीप तथा व्यावसायिक शिक्षालाई श्रम बजारसँग जोड्ने।<br>• पछाडि परेका समुदायका बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन। |

| लक्षित समूह | प्रमुख व्यवस्था |
|---|---|
| **महिला तथा बालबालिका**<br> | • आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता।<br>• बालबालिकाका लागि पोषणसम्बन्धी कार्यक्रम सञ्चालन।<br>• दलित बालबालिकाको **बालपोषण भत्ता मासिक रु. १ हजार**।<br>• उच्च गरिबी तथा न्यून मानव विकास भएका २५ जिल्लाका **बालबालिकाको पोषण भत्ता मासिक रु. ५३२**।<br>• दुर्गम स्थानका सुत्केरी महिलालाई हवाई उद्धार।<br>• १५ वर्ष मुनिका बालबालिकलाई निःशुल्क मुटुरोग र बाथरोगको शल्यक्रिया।<br>• अटिजम भएका बालबालिकालाई लक्षित गरी पूर्वाधारयुक्त आवासीय नमुना विद्यालय सञ्चालन।<br>• दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिला र नवजात शिशुको हवाई उद्धार कार्यक्रम।<br>• बालबालिकाको क्यान्सर रोग सरकारी अस्पतालमा निःशुल्क उपचार। |
| **ज्येष्ठ नागरिक**<br> | • विद्यमान **सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता**।<br>• सामाजिक सुरक्षा प्रणालीलाई थप लक्षित, व्यवस्थित र प्रभावकारी बनाउने।<br>• ७५ वर्ष माथिका जेष्ठ नागरिकलाई निःशुल्क मुटुरोग र बाथरोगको शल्यक्रिया। |
| **युवा**<br> | • कृषि तथा पशुजन्य उद्यम गर्न चाहने **१ हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा**।<br>• स्टार्टअपलाई सीप, बजार, वित्तीय पहुँच र कर सहुलियतसँग जोड्ने।<br>• विज्ञान, प्रविधि तथा नवप्रवर्तनका लागि **रु. ४ अर्ब**।<br>• सूचना प्रविधि तथा एआईमा आधारित उद्यमका लागि अवसर विस्तार। |

| लक्षित समूह | प्रमुख व्यवस्था |
|---|---|
| **श्रमिक**<br> | • श्रमिक र रोजगारदातालाई श्रम रजिष्ट्रिमा आबद्ध गर्ने।<br>• **लिखित रोजगार सम्झौता, न्यूनतम पारिश्रमिक, बीमा र कार्यस्थल सुरक्षा** सुनिश्चित गर्ने नीति।<br>• वैदेशिक रोजगारीमा जानेको उद्धार, राहत र घरफिर्ती कार्यक्रम।<br>• बैंकमार्फत पारिश्रमिक भुक्तानीलाई प्रोत्साहन/अनिवार्य गर्ने व्यवस्था।<br>• अनौपचारिक क्षेत्रका श्रमिकलाई **सामाजिक सुरक्षाको दायरामा ल्याउने**। |
| **विपन्न तथा गरिब नागरिक**<br> | • विपन्न नागरिक उपचार कार्यक्रमलाई निरन्तरता।<br>• स्वास्थ्य बीमा कार्यक्रमका लागि **रु. १५ अर्ब**।<br>• विपन्न नागरिकको उपचार, आमा सुरक्षा तथा निःशुल्क औषधिका लागि **रु. १३ अर्ब १५ करोड**।<br>• गरिब तथा पछाडि परेका समुदायका बालबालिकाका लागि लक्षित पोषण तथा शैक्षिक कार्यक्रम।<br>• भूमिहीन दलित सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने एवम् अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्ने। |
| **सबै नागरिक**<br> | • आधारभूत स्वास्थ्य सेवा विस्तार तथा निर्माणाधीन **३३६ आधारभूत अस्पताल** आगामी तीन वर्षमा सम्पन्न गर्ने।<br>• सुरक्षित खानेपानीको पहुँच विस्तार – तीन वर्षमा **६५ प्रतिशत नागरिक** र पाँच वर्षमा सबै नागरिकमा पहुँच पुऱ्याउने।<br>• सडक, पुल तथा विद्युत पूर्वाधार विस्तार।<br>• सरकारी सेवा **डिजिटल, सरल, छिटो र पारदर्शी** बनाउने। |

| लक्षित समूह | प्रमुख व्यवस्था |
|---|---|
| **करदाता**   | • व्यक्तिगत आयकर छुटको सीमा **रु. १० लाख पुऱ्याउने**।<br>• कर प्रणालीलाई सरल, पारदर्शी र लगानी तथा प्रविधिमैत्री बनाउने।<br>• करसम्बन्धी सेवा क्रमशः डिजिटल तथा स्वचालित बनाउने। |
| **उद्योगी तथा उद्यमी**   | • स्टार्टअप तथा साना-मझौला उद्यमलाई राष्ट्रिय उद्यम इकोसिस्टममा आबद्ध गर्न नेपाल इन्टरप्राइज फसिलिटी स्थापना गर्ने।<br>• कृषि तथा पशुजन्य व्यवसाय गर्न चाहने **१ हजार युवा उद्यमीलाई स्टार्टअप सुविधा** उपलब्ध गर्ने।<br>• महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत तथा पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिने।<br>• औद्योगीकरणको लागि २७३ प्रकारका औद्योगिक कच्चा पदार्थको भन्सार दर तयारी वस्तुको तुलनामा कम्तीमा एक तह न्यून गर्ने। |

## ९ बजेटमा योजना समावेश गराउने प्रक्रिया के हुन्छ ?

नागरिकले आफ्नो ठाउँ तथा क्षेत्रको लागि आवश्यक खानेपानी सडक र सिँचाइ जस्ता योजना बजेटमा समावेश गराउन सक्दछन्। कुन योजना कुन तहको क्षेत्राधिकार भित्र पर्ने हो र कुन तहमा लैजाने भन्ने कुरा फरक-फरक हुने हुँदा सोको जानकारी लिई सोही अनुसारको प्रक्रिया अपनाउनु पर्छ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो अधिकार क्षेत्रभित्र वार्षिक बजेट, नीति तथा योजना तयार गर्ने अधिकार दिएको छ।

सङ्घीय सरकारको क्षेत्राधिकार भित्र पर्ने प्रदेश तथा स्थानीय तहको स्रोत र क्षमताले गर्न नसक्ने ठूला सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय भवन निर्माण जस्ता आयोजना/कार्यक्रम सङ्घीय बजेटमा समावेश गराउन देहायको प्रक्रिया अपनाउन सकिन्छ।

# बजेटमा योजना समावेश गराउने प्रक्रिया

| के गर्ने | कसले गर्ने | कहिले गर्ने |
|---|---|---|
| १. समुदायको आवश्यकता तथा योजना पहिचान गर्ने | नागरिक/समुदाय/संस्था | साउन-असोज |
| २. योजना प्रस्ताव तयार गरी वडा कार्यालयमा पेश गर्ने | नागरिक/समुदाय/संस्था | कार्तिक-मंसिर |
| ३. योजनाको आवश्यकता, लागत अनुमान, लाभग्राही सङ्ख्या, प्राथमिकता र सम्भाव्यता छलफल गरी सिफारिस गर्ने | वडा/स्थानीय तह | कार्तिक-मंसिर |
| ४. सङ्घीय बजेटमा समावेश गर्न सङ्घीय कार्यालय मार्फत सम्बन्धित मन्त्रालय/निकायमा प्रस्ताव पठाउने | स्थानीय तह/सम्बन्धित जनप्रतिनिधि | मंसिर–माघ |
| ५. प्राप्त प्रस्तावको अध्ययन, प्राथमिकता निर्धारण र बजेट प्रस्ताव गर्ने | सम्बन्धित सङ्घीय मन्त्रालय/निकाय | फागुन–चैत |
| ६. बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने र संसदमा पेश गर्ने | अर्थ मन्त्रालय | वैशाख–जेठ १५ |
| ७. सङ्घीय बजेट पारित गरी कार्यान्वयनमा लैजाने | संसद/ सङ्घीय मन्त्रालय/ निकाय | असार-साउन |
| ८. योजनाको कार्यान्वयन तथा सार्वजनिक अनुगमन गर्ने | सम्बन्धित निकाय, स्थानीय तह र नागरिक | बजेट कार्यान्वयन अवधिभर |

*नोट: जेठ १५ गते पछि बजेटमा आफ्नो योजना परे नपरेको जानकारी योजना पेश गरेको सम्बन्धित सङ्घीय कार्यालयबाट लिन सकिन्छ।*

# १० नागरिक बजेटमा प्रयोग भएका प्राविधिक शब्दको अर्थ सरल रुपमा कसरी बुझ्ने ?

| शव्द | अर्थ |
|---|---|
| **आयोजना बैंक** | आयोजनाहरूको पहिचान, छनोट, मूल्याङ्कन, प्राथमिकता निर्धारण, बजेट व्यवस्थापन र कार्यान्वयनका लागि तयार गरिएको व्यवस्थित आयोजना-सूची तथा सूचना प्रणाली हो । |
| **आर्थिक वर्ष** | प्रत्येक वर्षको साउन १ देखि अर्को वर्षको असार मसान्तसम्मको अवधि हो । |
| **कर** | सरकारलाई तिर्नुपर्ने अनिवार्य दायित्व हो । |
| **कुल गार्हस्थ्य उत्पादन** | एक वर्षमा  देशभित्र उत्पादन भएका अन्तिम वस्तु तथा सेवाको कुल मूल्य हो । |
| **गैर-कर राजस्व** | शुल्क, जरिवाना, लाभांश, रोयल्टी जस्ता स्रोतबाट प्राप्त हुने आम्दानी हो । |
| **चालु खर्च** | दैनिक प्रशासन र नियमित सेवा सञ्चालनका लागि गरिने खर्च हो । |
| **चालु खाता** | देशको वस्तु तथा सेवाको आयात-निर्यात र विप्रेषणजस्ता चालु कारोबारको हिसाब राख्ने खाता हो । |
| **पुँजीगत खर्च** | पुल, विद्यालय, अस्पताल जस्ता पूर्वाधार तथा दीर्घकालीन सम्पत्ति निर्माणमा गरिने खर्च हो । |
| **बजेट** | निश्चित अवधिका लागि सरकारको आम्दानी र खर्चको योजना हो । |
| **मध्यमकालीन खर्च संरचना** | तीन वर्ष वा सोभन्दा बढी अवधिको खर्च योजना तयार गर्न सहयोग गर्छ । बजेट र योजनालाई जोड्ने पुल हो । |
| **मुद्रास्फीति** | समग्र मूल्य स्तरमा हुने निरन्तर र दिगो वृद्धि हो । |
| **राजस्व** | सरकारले विभिन्न स्रोतबाट प्राप्त गर्ने आम्दानी हो । |
| **राजस्व बाँडफाँट** | सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँट गर्ने व्यवस्था हो । |
| **रोयल्टी** | प्राकृतिक स्रोत वा सम्पत्तिको उपयोगबापत प्राप्त हुने शुल्क हो । |
| **बजेट घाटा** | सरकारले आम्दानी  भन्दा बढी खर्च गर्नुपर्ने अवस्था हो । |

| | |
|---|---|
| **वित्तीय व्यवस्था** | स्रोतका लागि शेयर तथा ऋण व्यवस्थापनसम्बन्धी कार्य हो । |
| **वित्तीय सङ्घीयता** | सङ्घ, प्रदेश र स्थानीय तहबीच वित्तीय स्रोत तथा जिम्मेवारीको बाँडफाँट र व्यवस्थापन गर्ने व्यवस्था हो । |
| **वित्तीय हस्तान्तरण** | सरकारले एक तहबाट अर्को तहमा उपलब्ध गराउने वित्तीय स्रोत हो । |
| **विनिमय सञ्चिति** | देशले विदेशी मुद्रामा राखेको सञ्चित रकम तथा सम्पत्ति हो । |
| **विनियोजन** | कानुन बमोजिम सार्वजनिक खर्चका लागि बजेट छुट्याउने कार्य हो । |
| **विप्रेषण** | विदेशमा काम गर्ने नेपालीले आफ्नो परिवार वा देशमा पठाउने रकम हो । |
| **विशेष अनुदान** | विशेष आवश्यकता वा प्राथमिकताका कार्यक्रम तथा परियोजनाका लागि उपलब्ध गराइने अनुदान हो । |
| **समपुरक अनुदान** | आयोजनाको लागतमा सम्बन्धित तहको समेत साझेदारी रहने गरी पूर्वाधार विकास आयोजना कार्यान्वयन गर्न उपलब्ध गराइने अनुदान हो । |
| **समानीकरण अनुदान** | स्थानीय तह वा प्रदेश सरकारबीचको स्रोत असमानता घटाउन प्रदान गरिने अनुदान हो । |
| **सशर्त अनुदान** | तोकिएको उद्देश्य वा कार्यक्रमका लागि मात्र खर्च गर्न पाइने अनुदान हो । |

## ११ बजेटबारे थप जानकारीका लागि कहाँ सम्पर्क गर्ने ?

अर्थ मन्त्रालयको **बजेट तथा कार्यक्रम महाशाखा**को सम्पर्क विवरण

**अर्थ मन्त्रालय**

**बजेट तथा कार्यक्रम महाशाखा**

सिंहदरबार, काठमाडौं

फोनः ०१ ४२११३५५

bpd@mof.gov.np

www.mof.gov.np

# १२ यो नागरिक बजेट तपाईंलाई कस्तो लाग्यो ?

यो हाम्रो पहिलो प्रयास भएकोले यसलाई तपाईंका लागि अझ उपयोगी र सजिलो बनाउन तपाईंको सुझाव चाहन्छौं ।

तपाईंलाई के राम्रो लाग्यो ? के सुधार गर्नुपर्छ जस्तो लाग्छ ? कृपया आफ्नो विचार र सुझाव हामीलाई पठाउनुहोस् ।

दिइएको लिङ्क प्रयोग गर्नुहोस् वा QR कोड स्क्यान गर्नुहोस् ।

**तपाईंको सुझाव हाम्रो लागि महत्वपूर्ण छ ।**

**लिङ्क :**
https://forms.gle/3TCY47fszTn7uK3v9

## सर्वेक्षण प्रश्नहरू :

| सि.नं. | प्रश्न | उत्तर |
|---|---|---|
| १. | के यो नागरिक बजेट बुझ्न सजिलो छ ? | छ ☐ / छैन ☐ |
| २. | के नागरिक बजेटलाई निरन्तरता दिन आवश्यक छ ? | छ ☐ / छैन ☐ |
| ३. | आगामी आर्थिक वर्षको नागरिक बजेटमा तपाईं कुन जानकारी समावेश भएको हेर्न चाहनुहुन्छ ? | |
| ४. | नागरिक बजेटको सामग्री, प्रस्तुति वा वितरण प्रक्रियामा सुधार गर्न तपाईंका सुझावहरू के छन् ? | |
| ५. | अन्य कुनै टिप्पणी वा सुझाव छन् भने कृपया उल्लेख गर्नुहोस् । | |

# १३ बजेटसम्बन्धी थप जानकारीका लागि के के सूचनाहरू इन्टरनेटमा छन् ?

- **आर्थिक सर्वेक्षण:** https://mof.gov.np/category/economic-survey/
- **सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा:** https://mof.gov.np/category/yellowbook/
- **बजेट वक्तव्य:** https://mof.gov.np/category/budget-speech/
- **व्यय अनुमानको विवरण:** https://mof.gov.np/category/redbook/
- **अन्तर सरकारी वित्तीय हस्तान्तरण:** https://mof.gov.np/category/inter-government-financial-transfer/
- **विनियोजन/आर्थिक ऐन/अध्यादेश/विधेयक:** https://mof.gov.np/category/economic-act---bill/
- **बजेट कार्यान्वयन मार्गदर्शनहरू:** https://mof.gov.np/content/1770/a-w-guidance-on-budget-implementation-for-84-2083-/
- **बजेटको अर्धवार्षिक समीक्षा प्रतिवेदन:** https://mof.gov.np/category/half-yearly-elemental-assessment/
- **बजेटको वार्षिक प्रतिवेदन:** https://mof.gov.np/category/report/?page=2
- **दैनिक बजेटरी तुलना:** https://old.fcgo.gov.np/daily-budgetary-analysis
- **एकीकृत वित्तीय विवरण:**
  - नेपालीमा: https://www.fcgo.gov.np/category/con-fin-statements/
  - अंग्रेजीमा: https://www.fcgo.gov.np/category/consolidated-us/
- **लेखापरीक्षण प्रतिवेदनहरू:**
  - वार्षिक प्रतिवेदन: https://www.oag.gov.np/reports/Annual-Report
  - प्रादेशिक प्रतिवेदन: https://www.oag.gov.np/reports/province-report
  - स्थानीय तह प्रतिवेदन: https://www.oag.gov.np/reports/local-level-report

नेपाल सरकार

## अर्थ मन्त्रालय
## बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं



**हाम्रो कर, हाम्रै बजेट, हाम्रो भविष्य**